वैठक संख्या:-१२१

आज मिति २०८१/०७/२७ गते मङ्गलबार विहान ठिक ९:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री खुमलाल भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिब (शिक्षा) | |
| २ | श्री रसिद खाँ | सल्लाहकार | |
| ३ | श्री विनोद कुँवर | प्रशासन अधिकृत | |
| ४ | | | |
| ५ | | | |

**मिति २०८१/७/२७ गतेको कार्यपालिका बैठकका निर्णयहरु**

**कार्यपालिका बैठक संख्या :- १२१**

**बैठकका प्रस्तावहरु**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. समसामायिक /विविध।

**निर्णयहरु**

१. मिति २०८१/०७/०९ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

**समसामायिकः-**

१. लुम्बिनी बौद्द विश्वविद्यालय केन्द्रिय कार्यालय लुम्बिनीको च.नं.३५०/०८०/०८१ मिति २०८१/०१/०६ को पत्रानुसार उक्त विश्वविद्यालयले शैक्षिक कार्यक्रम संचालन तथा त्रिपिटक पार्कको पूर्वाधार निर्माणका लागि जग्गा माग भएकोमा उक्त विश्वविद्यालयलाई सो पूर्वाधार निर्माण गर्न कपिलवस्तु नगरपालिका वडा नं.१२ स्थित बेलभरियामा प्रचलित कानून बमोजिम उपयोग गर्न सम्बन्धित निकायमा जग्गा प्राप्ति वा भोगिधिकारका लागि सिफारिस गर्ने निर्णय गरियो।

२. कपिलवस्तु नगरपालिकाका र संघीय सरकारको लागत साझेदारिमा योजना कार्यन्वयन गर्ने गरी संघीय सशर्त अनुदान तर्फ विद्यालय भवन निर्माण अनुदान शीर्षकमा विनियोजित बजेटवाट भवन निर्माण गर्ने गरी देहायका विद्यालय छनोट गर्ने र भवन निर्माणको लागि नगरपालिकाको तर्फवाट लागत साझेदारि गर्ने निर्णय गरियो।

**तपसिलः-**

१. श्री राष्ट्रिय जनहित मा.वि. क.व.न.पा. ७

२. श्री रत्न राज्य लक्ष्मी मा.वि. क.व.न.पा.१

३. श्री धर्मभक्त मा.वि. क.व.न.पा.५

३. सडक बोर्ड नेपालको च.नं.४४० मिति २०८१/०६/१३ को पत्रवाट माग भए अनुरुप चालु आ.व. २०८१/०८२ को लागि सडक बोर्ड, नेपालबाट प्राप्त हुने ६५,००,०००/- (अक्षेरुपी पैसठ्ठी लाख मात्र)बजेटबाट कार्यन्वयन गर्ने गरि देहाय बमोजिमका योजना छनोट गरि सहमतिको लागि सडक बोर्ड ,नेपाल समक्ष लेखी पठाउने र सोको लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो।

**तपसिल**

१. जमुवार नहर बर्गदवा कालोपत्रे सडक मर्मत।

२. महिता बर्गदवा सुखरामपुर कालोपत्रे सडक मर्मत।

३. सागरटोल दुर्गा मन्दिर कालोपत्रे सडक मर्मत।

४. संघीय सरकारबाट हस्तान्तरित (संघीय समपूरक अनुदान)कार्यक्रम मार्फत आ.व.२०८०/०८१ मा स्वीकृत आनन्दबाग सिकोटवा मलपरवा सडकको लागि पेश भई आएको बहुबर्षिय खरिद गुरु योजना पालिकाको खरिद नियमावलि २०७६ को नियम ८ को उप नियम ३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

५. कपिलवस्तु नगरपालिकाको वडा नं.३ रामघाट स्थित रामघाट धाम निर्माण गर्न ~~लुम्बिनी प्रदेश सभा~~बाट आवश्यक बजेट विनियोजन भएको सो धाम निर्माणको लागि आवश्यक जग्गा प्राप्ति प्रकृयाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

६. कपिलवस्तु नगरपालिकाको वडा नं.२ बुद्दपद्म माध्यमिक विद्यालय अगाडि रहेको खुल्ला स्थानमा रङ्गशाला (Stadium) निर्माण गर्न लुम्बिनी प्रदेश सभाबाट आवश्यक बजेट विनियोजन भएको र कपिलवस्तु नगरपालिका र बुद्दपद्म मा.वि. बिच सम्झौता भएकोमा सो-सम्झौता अनुमोदन गरि रङ्गशाला (Stadium) निर्माणको लागि आवश्यक प्रकृयाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।